आज मिति २०७५ साल चैत्र ०७ गते विहीवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| कार्यवाहक अध्यक्ष व्यास ५ | श्री शुरबहादुर थापा | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

(१) भूकम्प पिडीहरुको गुनासो संकलन सम्बन्धमा ।
(२) सडकहरुको लगत कट्टा सम्बन्धमा ।
(३) स्वास्थ्य सम्बन्धी सचेतनामूलक सन्देश प्रवाह सम्बन्धमा ।
(४) योजना कार्यान्वियन र फरफारक सम्बन्धमा ।
(५) योजना तर्जुमा सम्बन्धमा ।
(६) वायोग्याँस प्लान्ट सम्बन्धी अनुदन वितरण सम्बन्धमा ।
(७) स्वास्थ्य संस्था स्थापना गर्ने सम्बन्धमा ।
(८) युवा संसद गठन सम्बन्धमा ।
(९) पर्यटन व्यवस्थापन एवं सुदृढीकरण प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
(१०) स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धमा ।
(११) चट्याङ्ग जन्य जोखिम न्यूनीकरण सम्बन्धी तालिम सम्बन्धमा ।
(१२) चिन्तुटार खेलकुद मैदानको DPR तयार गर्ने सम्बन्धमा ।
(१३) फर्निचर तथा फर्निसिङ्ग सामानको रकम भुक्तानी सम्बन्धमा ।
(१४) जग्गा खरिद गर्ने सम्बन्धमा ।
(१५) अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।
(१६) सडक बत्ती जडान सम्बन्धमा ।
(१७) बोलपत्र/दरभाउपत्रहरु स्वीकृत सम्बन्धमा ।
(१८) अधुरो रहेको योजनाहरु सम्पन्न गर्न रकम विनियोजन सम्बन्धमा ।
(१९) योजनाको म्याद थप सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरवार, काठमाण्डौंको भूकम्प पिडीतहरुको लागि छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ को सूचना र भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, (दोस्रो संशोधन) २०७५ मा भएका व्यवस्थाहरु र मिति २०७५/१०/२१ को मन्त्री परिषद्को बैठकको निर्णय सम्बन्धमा जानकारी भयो । सो सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रवाह गरी वडा कार्यालय मार्फत सूचनाको आशय बमोजिमका गुनासोहरु संकलन गरी सम्बन्धित निकायमा लाभग्राहीहरुको नामावली पठाउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रको नयाँ नापनक्शा बमोजिम जग्गा पुनः नापी गर्ने कार्यका लागि यस अगाडि पनि सम्बन्धित निकायमा लेखी पठाइएकोमा हालसम्म पनि सो कार्य अगाडि बढ्न नसक्दा स्थानीय स्तरमा रहेका सडकहरुको लगतकट्टा गर्ने कार्य हुन नसकेको हुँदा सडक क्षेत्राधिकार भित्रका जग्गाहरु अतिक्रमण हुँदै गएका साथै स्थानीय स्तरमा विवादहरु समेत बढ्दै गएको हुनाले सम्बन्धित निकायसँग समन्वय र साझेदारी गरी निम्नानुसारका सडकहरुको लगत कट्टा गर्ने कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| सि.नं | सडकको नाम | कैफियत |
|---|---|---|
| १ | व्यास मार्ग | |
| २ | सिन्धु मार्ग | |
| ३ | कलेस्ती मार्ग | |
| ४ | छाब्दी मार्ग | |
| ५ | केशवटार मार्ग | |
| ६ | माहेन्द्री मार्ग | |
| ७ | कालिका मार्ग | |
| ८ | खड्गकाली मार्ग, पराशर मार्ग | |

| | | |
|---|---|---|
| ९ | मानहुंकोट मार्ग | |
| १० | क्यामिन मार्ग | |
| ११ | दुम्सीचौर मार्ग | |
| १२ | कोट कालिका मार्ग वडा नं १२ | |
| १३ | वडाले सिफारिस गरेको अन्य मुख्य-मुख्य मार्गहरु | |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा केही दिन अघि व्यास ११ को रानीगाउँ क्षेत्रमा स्वाइनफ्लु रोगको सन्त्रास फैलिएको र नगर प्रमुखज्यूको नेतृत्वमा उक्त ठाउँमा पुगेको चिकित्सक सहितको टोलीले त्यस क्षेत्रका बासिन्दाहरु सँग गरेको राय, परामर्श तथा अन्तरकिया पश्चात् स्वाइनफ्लुको संक्रमण नभै मौसमी रुघाखोकीका कारण त्यस क्षेत्रमा केही व्यक्तिहरु बिरामी हुन पुगेको विषयका सम्बन्धमा जानकारी भयो । साथै मौसमी रुघाखोकीको समय भएको हुँदा नगर क्षेत्रभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरु, स्वास्थ्य स्वयंसेविकाहरु तथा अन्य सरोकारवाला सबैलाई उच्च शतर्कताका साथ स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गर्न एवं प्रचार प्रसारमा जुटी सचेतनामूलक सन्देशहरु प्रवाह गर्न आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०७५/०७६ को दोस्रो चौमासिक अवधि समाप्त हुँदासम्म समेत चालु आ.व.का योजना कार्यान्वयन र फरफारakको तथ्याङ्क हेर्दा सामान्यतया आ.व.को अन्त्यतिर मात्र फरफारकको लागि उपभोक्ता समितिद्वारा फाँटवारी पेश हुन आउने हुँदा आर्थिक प्रशासन शाखा र योजना तथा प्राविधिक शाखामा अत्याधिक रुपमा कार्यबोझ पर्न जाने हुँदा अब उप्रान्त रु.२ लाखसम्मको योजना तथा अन्य कार्यक्रममा पेश्की दिने व्यवस्थाको अन्त्य गर्ने साथै रु.५ लाखसम्मको योजना तथा कार्यक्रमका लागि पहिलो र अन्तिम गरी दुई किस्तामा रकम उपलब्ध गराई (३३%शुरुमा र बाँकी अन्तिम किस्तामा) योजना फरफारक गर्ने र सोभन्दा माथि मौजुदा प्रक्रिया अनुसार नै योजना संचालन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६/०७७ का लागि बजेट, नीति तथा कार्यक्रम पारित गर्ने गरी आगामी (पाचौं) नगर सभामा प्रस्ताव पेश गर्न सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको माध्यमद्वारा विभिन्न चरणहरु पार गर्दै योजना तर्जुमा प्रक्रियालाई पूर्णता दिन आगामी २०७६ साल बैशाख महिनादेखि निम्नानुसार कार्यक्रमहरु तय गरी आवश्यक गृहकार्य अगाडि बढाउने निर्णय गरियो ।

(क) २०७६ बैशाख १० गते भित्र प्रत्येक वडामा योजना तर्जुमा सम्बन्धी मार्ग दर्शन पठाउने ।

(ख) सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको (PMDP) माध्यमद्वारा २०७६ बैशाख महिनाभित्र वस्ती, टोल हुँदै वडा स्तरबाट प्राथमिकता समेत निर्धारण गर्न कम्तीमा २/३ वटा, वडा गौरवका योजना सहित योजना छनौट गरी जेष्ठ १० सम्म नगरपालिकामा पठाउने व्यवस्था मिलाउने ।

(ग) जेष्ठ २० गते भित्र विषयगत समितिहरु लगायत अन्य समितिहरुमा छलफल गराई अन्तिम रुप दिने ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा वैकल्पिक उर्जाको प्रवर्द्धन गर्दै उर्जा संकटलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ चालु आ.व. २०७५/०७६ का लागि यस नगरपालिकालाई विनियोजन भई आएको बजेटबाट ६३ घरधुरीलाई प्रति घरधुरी २० हजार का दरले वायोग्यास प्लान्ट निर्माणका लागि अनुदान प्रदान गर्ने गरी सम्बन्धित सवैको जानकारीको लागि वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गरी आवेदनहरु संकलन गर्ने र निश्चित मापदण्ड निर्धारण गरी सोही मापदण्डका आधारमा लाभग्राहीहरु छनौट गरी अनुदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय गोरखा, गण्डकी प्रदेशको पत्र संख्या २०७५/०७६ च.नं. १५६ मिति २०७५/११/०२ को पत्रको व्यहोरा बमोजिम यस नगरपालिका वडा नं १, २, ४, ५, ७, ८ र १० मा स्वास्थ्य संस्था स्थापना गर्न उल्लेखित मितिको पत्रको व्यहोरा बमोजिम जग्गाको उपलब्धताको प्रत्याभूति समेत गरी सम्बन्धित वडा कार्यालयलाई अन्य सम्पूर्ण प्रकिया पुरा गरी पठाउन सूचित गर्ने र भवन निर्माणको कुल लागत

मध्ये २०% यस नगरपालिकाले व्यहोर्ने प्रतिवद्धता सहित सम्बन्धित निकायमा आयोजना प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा युवा संसद कार्यविधि बमोजिम यस नगरपालिकाका १४ वटै वडामा वडा स्तरीय युवा संसद स्थापना गर्ने कार्यका लागि कार्यकारीणी सदस्य श्री कल्पना पोखेल, कार्यकारीणी सदस्य श्री चन्द्रमाया परियार, शिक्षा शाखाका शाखा प्रमुख श्री अम्बिकाप्रसाद आचार्य, शाखा अधिकृत श्री विमल गिरी र सो सम्बन्धी यस नगरपालिकाको तर्फबाट तालिम लिएर आएका युवा श्री गौरव पन्त र श्री रविन परियार समेतको संयुक्त टोलीलाई सहजीकरणको लागि वडा वडामा खटाउने निर्णय गरियो । साथै सो सम्बन्धी खर्चको व्यवस्थापन सम्बन्धित खर्च शीर्षकबाट मिलाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा उद्योग तथा पर्यटन प्रर्वद्धन शाखाबाट पेश हुन आएको देहाय बमोजिमका पर्यटन व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रमको (रु.२,६४,२००। दुई लाख चौसठ्ठी हजार दुई सय) प्रस्ताव उपर छलफल भयो । सो सम्बन्धमा बजेटको उपलब्धतालाई मध्यनजर गरी प्रस्तावित कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

१. होमस्टे व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम
२. व्यास नगरपालिकाको पर्यटन विकास सम्बन्धी वर्तमान अवस्था, सम्भावना, अवसर र चुनौति विषयक अन्तरकिया कार्यक्रम
३. होमस्टे संचालन सहयोगी पुस्तिका प्रकाशन
४. परिचयात्मक भ्रमण (FAM Trip)

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धमा निर्देशिका, २०७४ को आधारमा स्वास्थ्य संस्था नवीकरणको लागि उपप्रमुख मिरा जोशी सहितको अनुगमन टोलीद्वारा निर्दिष्ट चेकलिष्टको आधारमा अनुगमन गरी प्राप्त हुन आएको प्रतिवेदनद्वारा देहायका स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तर एवं भौतिक तथा जनशक्ति व्यवस्थापनको अवस्था सम्बन्धमा जानकारी भयो । सो सम्बन्धमा मौजुदा अवस्थामा मापदण्ड बमोजिम भौतिक तथा जनशक्ति व्यवस्थापन र सेवा प्रवाहको गुणस्तरमा चालु आ.व.को आषढ मसान्तसम्म निर्देशिकाले तोकेको गुणस्तर पुरा गरी सेवा प्रवाह गर्ने गरी देहायका स्वास्थ्य संस्थाको एक वर्षका लागि नवीकरण गरिदिने निर्णय गरियो ।

१. श्री रत्नहरी मेमोरियल अस्पताल दमौली, तनहुँ
२. श्री पानस डेण्टल केयर, व्यास-३ (साविक व्यास १०)
३. श्री कलश डेण्टल क्लिनिक, व्यास-२
४. श्री दमौली दन्त सेवा प्रा.लि., व्यास-२

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा LARC नेपालको पत्रद्वारा अनुरोध भई आएअनुसार यस नगरपालिकाको संयोजन र LARC नेपालको आर्थिक व्यवस्थापन समेतमा यही चैत्र १२ र १३ गते संयुक्त रुपमा आयोजना हुने चट्याङग जन्य जोखिम न्यूनीकरण सम्बन्धी तालिमको लागि यस नगरपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने सोको आर्थिक व्यवस्थापन LARC नेपालले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चिन्तुटार स्थित खेल मैदानको लागि यस नगरपालिकाद्वारा विनियोजित रकम रु.७ लाख मध्ये रु.२ लाखबाट सम्बन्धित विषयका परामर्श दाता नियुक्ति गरी सो खेल मैदानको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनमा फर्निचर तथा फर्निसिङ्ग सामानहरुको आपूर्ति सम्बन्धी ठेक्का स्वीकृत गरिएको श्री एविसि ट्रेड एण्ड सप्लायर्स काठमाण्डौले सामान आपूर्ति गरे वापत प्राविधिकले तयार गरेको अन्तिम मूल्याङ्कन अनुसारको रकम रु.३६,३२,२२७ (अक्षेरुपी छत्तीस लाख बत्तीस हजार दुई सय सत्ताइस रुपैयाँ) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १४:** प्रस्ताव नं १४ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको मिति २०७५/११/०९ गतेको निर्णय नं.१४ द्वारा साविक केशवटार वडा नं ६/ण हाल व्यास नगरपालिका वडा नं.१३ मा पर्ने कि.नं.३० र २९ का

जग्गाहरु खरिद सम्बन्धी दरभाउपत्र स्वीकृत भएकोमा दरभाउपत्र स्वीकृत गर्दाका बखत उल्लेख गरिएको कुल क्षेत्रफलभन्दा लालपूर्जामा भन्दा मालपोत कार्यालयको अभिलेखमा १ आना कमी देखिन आएको हुँदा एकिन हुन आएको जम्मा ३ रोपनी ० आना १ पैसा १ दाम जग्गा मात्र रजिष्ट्रेशन गरी लिने निर्णय गरियो । साथै दरभाउपत्रमा कबोल भई आएको जम्मा मुल्यलाई आधारमानी दामासाहीले हुन आउने १ आना बराबरको रकम घटाई जग्गादातालाई रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. २ को कार्यालयद्वारा अवलोकन भ्रमणको लागि वडा स्तरीय बजेटको २ दुई लाख समेत जम्मा रु.२ लाख ६० हजारको प्रस्ताव पेश हुन आएकोमा वडा स्तरीय बजेटबाट नपुग हुन आउने रकम रु.६० हजार यस नगरपालिकाको अध्ययन अवलोकन भ्रमण शीर्षकबाट खर्च गर्ने गरी पेश हुन आएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं २ अन्तर्गत पृथ्वी राजमार्गको शहिद गेटदेखि जोशी आयल पम्पसम्मको दुरिमा सडक बत्ती जडानको लागि (ABC केवल र भ्यापर ल्याम्प समेतको) प्राविधिकिबाट तयार हुन आएको रु.९१,८६७।१४ (अक्षेरुपी एकान्नब्वे हजार आठ सय सड्सठ्ठी रुपैयाँ र चौध पैसा) को लागत अनुमान स्वीकृत गरी सडक बत्ती जडान गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र तथा दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म वा कम्पनीका दरभाउपत्र/बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्म वा कम्पनीका दरभाउपत्र/बोलपत्रहरु नगरपालिकाको बोलपत्र मूल्यांकन समितिबाट विभिन्न मितिमा स्वीकृतको लागि सिफारिस भई आएकोमा मूल्यांकन समितिको सिफारिस समेत भई सो सम्बन्धी अन्य प्रक्रियाहरु अगाडि बढाई सकिएकोमा नियमानुसार सिफारिस भई आएका बोलपत्र/दरभाउपत्रहरु स्वीकृत गरी हालसम्म अगाडि बढेका यस सम्बन्धी सम्पूर्ण प्रक्रियाहरुलाई अनुमोदन समेत गर्ने निर्णय गरियो ।

तपशिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत फर्मको नाम | कवोल रकम (कु.अ.कर.बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०/Rbn/०७५।०७६ | शहरी कालोपत्रे सडकको आवधिक मर्मत व्यास न.पा १, २, ३ र ४ | श्री डायमण्ड कन्स्ट्रक्सन भानु ४ तनहुँ | ३२,७०,५७४।७६ | बोलपत्र |
| २ | ११/Rbn/०७५।०७६ | उदय मार्ग वा सो अर्न्तगतका शाखा बाटोहरु स्तरोन्नति व्यास ५ | श्री डायमण्ड कन्स्ट्रक्सन भानु ४ तनहुँ | ८,६७,५५५।०० | दरभाउपत्र |
| ३ | १२/mun/०७५।०७६ | कार्यालय भवनको लागि आवश्यक ट्रान्सफर्मर खरिद तथा जडान | श्री ट्रान्सवेल्ड नेपाल प्रा.लि. धापासी काठमाण्डौ | १५,२३,०००। | दरभाउपत्र |
| ४ | १३/mun/०७५।०७६ | वडा कार्यालय भवन निर्माण व्यास ४ | श्री पासा कन्स्ट्रक्सन शुक्लागण्डकी ३ तनहुँ | २३,११,९५८।३० | बोलपत्र |
| ५ | १४mun/०७५।०७६ | वडा कार्यालय भवन निर्माण व्यास ५ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १४ | ३४,६७,३७५।२० | बोलपत्र |
| ६ | १५mun/०७५।०७६ | वडा कार्यालय भवन निर्माण व्यास ७ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १४ | ४६,४५,७१३।२२ | बोलपत्र |
| ७ | १६mun/०७५।०७६ | वडा कार्यालय भवन निर्माण व्यास १० | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १४ | २०,७७,७४६।२० | बोलपत्र |
| ८ | १७mun/०७५।०७६ | वडा कार्यालय भवन निर्माण व्यास ११ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १४ | २०,९५,९६५।८० | बोलपत्र |
| ९ | १८mun/०७५।०७६ | छाब्दी मार्ग कालोपत्रे व्यास १ | श्री जि.एस. कन्स्ट्रक्सन व्यास २ तनहुँ | १,०९,८४,२४२।७० | बोलपत्र |
| १० | १९mun/०७५।०७६ | न.पा कार्यालको नयाँ | श्री स्वास्तिक इण्टरनेसनल ट्रेड | १०,९२,१५५।६५ | बोलपत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भवनको दोस्रो तल्लामा आल्मुनियम पाटेशन कार्य | एण्ड कन्स्ट्रक्सन बसुन्धरा काठमाण्डौ | | |
| ११ | | रानीगाउँ क्षेत्रमा एकीकृत जग्गा विकास कार्यक्रमको लागि सम्भाव्यता अध्ययन गर्ने कार्य | श्री ग्रिड कन्सल्ट प्रा.लि.जे.भि. नया बानेश्वर काठमाण्डौ | १०,००,०००।०० | आशय पत्र |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाबाट सिफारिस भई आएबमोजिम प्राविधिकहरुद्वारा तयार भएको लागत अनुमान समेतलाई आधारमानी देहाय बमोजिमका अधुरा योजनाहरु सम्पन्न गर्न तथा अन्य योजनाहरुको लागि निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सिं.नं | योजनाको नाम | वडा नं | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चारकुने धुपखोल्सी रिटेनिङ्गवाल निर्माण योजना (तार जाली भर्ने कार्य) | १ | रु.२,००,०००। | |
| २ | छाब्दी भङ्गभङ्गे कजवे निर्माण योजना | १ र १३ | रु.२,९०,०००। | |
| ३ | पूर्ण सरसफाई वडा घोषणाका लागि आवश्यक पूर्वाधार निर्माण एवं सामग्री वितरण गर्ने कार्यक्रम । | ६ | रु.२,००,०००। | |
| ४ | आहाले आमा समूह अधुरो भवन निर्माण योजना | ८ | रु.२,००,०००। | |
| ५ | गुदीफच्याङ्ग आधारभूत विद्यालयको शौचालय मर्मत कार्यका लागि | १३ | रु.१,५०,०००। | |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा जडान कार्यको लागि श्री आर.एम.एस. इन्टरनेश्नल प्रा.लि. काठमाण्डौ बीच मिति २०७५।११।२५ भित्र लिफ्ट जडान गरिसक्ने गरी सम्भौता भएकोमा लिफ्ट जडान गर्ने स्थान तोडफोड गरी पुनर्निर्माण गर्नुपर्ने भएको हुँदा २०७६ असार ३० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।